आज मिति २०८१/०१/०३ गतेका दिन बागलुङ नगरपालिकाका नगरप्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगरकार्यपालिकाको बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ ।

## उपस्थिति

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगर उप-प्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती वोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री हरिदत्त कंडेल |
| अन्य उपस्थिति | | | |
| १ | | | श्री डिल्ली प्र. शर्मा |
| २ | | | श्री भिमसेन पन्त |
| ३ | | | श्री गीता देवी रेग्मी शर्मा |
| ४ | | | श्री लक्ष्मी श्रेष्ठ |

**प्रस्तावहरु**

१. गत बैठकको समिक्षा ।

२. विद्यालय अनुगमन समितिको प्रतिवेदन सम्वन्धमा ।

३. कार्यविधि पास सम्वन्धमा ।

४. विद्यालय स्थगन/तह मिलान सम्वन्धमा ।

५. अध्ययन विदा सम्वन्धमा ।

६. करार सम्झौता अन्त्य सम्वन्धमा ।

७. विशेष र समपूरक अनुदान अन्तर्गतका आयोजना सम्वन्धमा ।

८. योजना फरफारक सम्वन्धमा ।

९. विविध सम्वन्धमा ।

**निणर्यहरु**

**निणर्य नं. १**

प्रस्तवा नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्ममा भए गरेका काम कार्यवाहिको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निणर्य नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा १३ औ नगर सभाको निर्णय बमोजिम विद्यालय स्थगन/तह मिलान सम्वन्धमा नगर उप-प्रमुख श्री राजु खड्का ज्युको संयोजकत्वमा सामाजिक विकास समितिका संयोजक ज्ञानेन्द्र गौतम, नगर शिक्षा अधिकारी धन प्रसाद पोखेल समेत सहितको समितिले नगर शिक्षा समितिको सुझाव समेतको आधारमा फिल्ड अध्ययन गरी पेश गरेको प्रतिवेदन माथि छलफल भयो । धेरै मिहिनेत र लगन सहित प्रतिवेदन तयार गर्नु भएकोमा नगर उप-प्रमुख श्री राजु खड्का सहित उक्त समितिमा रहनु हुने सम्पूर्ण सदस्यहरुलाई धन्यवाद दिने निर्णय गरियो ।

**निणर्य नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा **विद्यालय स्थगन, तह मिलान तथा दरवन्दी मिलान कार्यविधि २०८०** को मस्यौदा माथि छलफल भै उक्त कार्यविधि पारित गर्ने निर्णय गरियो ।

**निणर्य नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा बागलुङ नगरक्षेत्र भित्र रहेका विद्यालयहरुको वर्तमान अवस्थाको विश्लेषण गरी भावि दिनमा विद्यालयको गुणस्तर वृद्धी गर्न आवश्यक देखिएकोले १३ औ नगरसभाको निर्णय बमोजिम देहायका विद्यालयहरुलाई देहाय बमोजिम हुने गरी स्थगन र तह मिलान गर्ने निर्णय गरियो ।

यसरी स्थगन तथा तह मिलान हुँदा उब्रिन आउने शिक्षकहरुलाई सोहि वडा भित्रका आवश्यक रहेका अन्य विद्यालयहरुमा व्यवस्थापन गर्ने साथै स्थगन तथा तह मिलान भएका विद्यालयहरुमा मापदण्ड बमोजिम न्यूनतम विद्यार्थी संख्या पूरा भएको अवस्थामा पुन: विद्यालय संचालन गर्ने निर्णय गरियो ।

**तपशिल**

| क्र.स. | विद्यालयको नाम र ठेगाना | वडा नं. | सञ्चालित कक्षा | हाल कायम भएको तह र कक्षा |
|---|---|---|---|---|
| १ | बालमन्दिर आवि | २ | १-८ | १-६ |
| २ | बसुन्धरा प्रावि | ३ | १-४ | १-३ |
| ३ | देउराली प्रावि | ४ | १-३ | बालविकास केन्द्र र कक्षा एक (१) |
| ४ | उपल्लाचौर आवि | ४ | १-८ | १-६ |
| ५ | मालिका आवि | ५ | १-५ | १-४ |
| ६ | कृष्ण आवि | ५ | १-८ | १-६ |
| ७ | सदाशिव प्रावि | ६ | १-४ | १-३ |
| ८ | आधारभूत प्रावि | ६ | १-३ | बालविकास केन्द्र र कक्षा एक (१) |
| ९ | भगवती प्रावि | ६ | १-३ | बालविकास केन्द्र र कक्षा एक (१) |
| १० | जनचेतना प्रावि | ७ | १-५ | १-४ |
| ११ | ज्योतिपुञ्ज प्रावि | ७ | १-३ | बालविकास केन्द्र |
| १२ | भैन्डाँडा आवि | ८ | १-५ | बालविकास केन्द्र र कक्षा एक (१) |
| १३ | भगवती प्रावि | ८ | १-५ | १-३ |
| १४ | रानीभूमे प्रावि | ९ | १-३ | स्थगन |
| १५ | सरस्वती सामुदायिक प्रावि | ९ | १ | स्थगन |
| १६ | सरस्वती प्रावि | ९ | १-३ | बालविकास केन्द्र र कक्षा एक (१) |
| १७ | जनसेवा प्रावि | ९ | १-३ | बालविकास केन्द्र र कक्षा एक (१) |
| १८ | तित्याङ प्रावि | ९ | १-३ | बालविकास केन्द्र र कक्षा एक (१) |
| १९ | इन्द्र प्रावि | ९ | १-३ | बालविकास केन्द्र र कक्षा एक (१) |
| २० | कृष्ण प्रावि | ९ | १-३ | बाल विकास केन्द्र |
| २१ | सरस्वती प्रावि | १० | १-३ | बालविकास केन्द्र र कक्षा एक (१) |
| २२ | बराह प्रावि | १० | १-३ | बालविकास केन्द्र र कक्षा एक (१) |
| २३ | सरस्वती प्रावि | ११ | १-५ | १-३ |
| २४ | ओख्ले प्रावि | ११ | १-३ | बालविकास केन्द्र |
| २५ | सिद्ध प्रावि | ११ | १-२ | बालविकास केन्द्र |

| | | | | |
|---|---|---|---|---|
| २६ | शहिदस्मृति प्रावि | ११ | १-३ | बालविकास केन्द्र |
| २७ | सरस्वती प्रावि | १२ | १-५ | १-३ |
| २८ | बुद्धिदात्री प्रावि | १२ | १-३ | बालविकास केन्द्र |
| २९ | भैरव प्रावि | १२ | १-३ | बालविकास केन्द्र |
| ३० | जगन्नाथ प्रावि | १२ | १-३ | बालविकास केन्द्र |
| ३१ | दुर्गा भवानी प्रावि | १३ | १-३ | कक्षा एक (१) मात्र |
| ३२ | सरस्वती प्रावि | १४ | १-५ | बालविकास केन्द्र र कक्षा एक (१) |
| ३३ | आधारभूत आवि | १४ | १-८ | १-६ |

**निणर्य नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा बागलुङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गत स्वास्थ्य सेवामा कार्यरत जनस्वास्थ्य निरिक्षक लक्ष्मण ढकालले स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली २०८० को नियम १११ (२) मा भएको व्यवस्था बमोजिम अध्ययन विदाको लागि दिएको निवेदन सम्वन्धमा आवश्यक छलफल भयो। स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली २०८० को नियम १११ (१) र (२) बमोजिम मिति २०८१ बैशाख ७ गते देखी लागु हुने गरी निज जनस्वास्थ्य निरिक्षक श्री लक्ष्मण ढकाललाई २ (दुई) बर्ष अध्ययन विदा स्वीकृत गर्ने निर्णय गरियो।

**निणर्य नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस कार्यालयमा कार्यरत कृषि प्राविधिक (सहायक पाँचौ) राहुल के.सी. चालु आवको कार्तिक १६ गते देखी २४ गते सम्म ९ दिन, मंसीर २२ गते देखी ३० गते सम्म ९ दिन, पौष १ गते देखी ८ गते सम्म ८ दिन, फागुन ३ गते देखी १३ गते सम्म ११ दिन गरी जम्मा ३७ दिन र चैत्र महिनाको ५ गते देखी लगातार हाल सम्म कार्यालयलाई कुनै जानकारी नगराई कार्यालयमा अनुपस्थित भएको हुँदा कार्यालयको तर्फबाट मिति २०८०/१२/२५ मा ईमेल मार्फत स्पष्टिकरण प्रेषित गरिएकोमा निजले मिति २०८०/१२/२६ गते ईमेल मार्फत नै पेश गरेको पत्रमा कार्यालयलाई दोष लगाई उल्टै २४ घण्टा भित्र कार्यालयबाट जवाफ मागेको साथै निजले माग गरेका सेवा सुविधाको सम्वन्धमा लिखित रुपमा जवाफ नदिए सम्म कार्यालयमा काम नगर्ने जानकारी गराउदै प्रचलित नियमानुसार न्याय माग गर्ने गरी धम्की पूर्ण जवाफ आएको हुँदा निजले पेश गरेको जवाफ चित्त बुझ्दो नदेखिएकोले निजसंग गरिएको करार सम्झौता रद्ध गरी निज जिम्मा रहेको ध.१.ब. ४६१ नं. को स्कुटर, ल्यापटप र कार्यक्रम संचालनका लागि लिएको पेश्की फरछ्यौट गर्न र बाँकी रहेका जिम्मेवारी यस कार्यालयमा बुझाउनको लागि जानकारी गराउने निर्णय गरियो।

**निणर्य नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ बमोजिम गण्डकी प्रदेश सरकारद्धारा स्थानीय तहलाई प्रदान गरिने वित्तिय हस्तान्तरण अन्तर्गत आगामी आर्थिक बर्ष २०८१/०८२ मा निम्नानुसारका योजना तथा कार्यक्रमलाई विशेष र समपूरक अनुदान अन्तर्गतका आयोजनामा समावेश गरी दिनका लागि आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश, पोखरामा अनुरोध गर्ने निर्णय गरियो ।

**तपशिल:**

(क) विशेष अनुदान तर्फ

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | वडा नं. |
|---|---|---|
| १ | महाविद्याजन मा.वि. आवासिय विद्यालय पूर्वाधार निर्माण | ११ |
| २ | त्रिभुवन मा.वि. आवासिय विद्यालय पूर्वाधार निर्माण | १३ |
| ३ | निरहे सिंचाई कुलो निर्माण | १,४ |

(ख) समपूरक अनुदान तर्फ

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | वडा नं. | ल.ई.रकम |
|---|---|---|---|
| १ | पानी टंकी-पैंयुपाटा धापाखोला सडक स्तरोन्नति | १२, १३ | ५ करोड |
| २ | एकलेसाल पैह्रो नियन्त्रण | १० | ३ करोड |
| ३ | कुँडुले-पाखाथर-पञ्चकोट सडक मर्मत सुधार | ४, ६ | २ करोड |

**निणर्य नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस कार्यालयमा पेश हुन आएका देहाय बमोजिमका योजना तथा कार्यक्रमलाइ देहाय बमोजिको शिर्षकबाट खर्च गर्ने गरी बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | विनियोजन रकम | शिर्षक |
|---|---|---|---|
| १. | आसा पुर्णेश्वर महादेव मन्दिर फर्निचर व्यवस्थापन | १०००००। | आकश्मीक |

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा चालु आ.व.को स्वीकृत योजना तथा कार्यक्रम अन्तर्गत योजना सम्पन्न गरी आवश्यक कागजपत्र सहित प्रकृया पुरा गरी फरफारकका लागि यस कार्यालयमा पेश भएका योजना तथा कार्यक्रमहरुलाई फरफारक गर्ने निर्णय गरियो ।